826

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ३१२/२०७२/०७३

निर्णय नं.३९

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने दृष्टी शाही ....१ पुनरावेदक

विरूद्ध

परीक्षा नियन्त्रक, उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर ....१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने दृष्टी शाहीले उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरका परीक्षा नियन्त्रक समक्ष मिति २०७२।०४।०३ मा कक्षा ११ को परीक्षामा सम्मिलित भएको प्राप्ताङ्क पत्र सम्बन्धी सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।१५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

प्रस्तुत विषयमा पुनरावेदकबाट आयोगमा पेश गरेको कागजातमा निजले ११ कक्षाको परीक्षा दिन आवश्यक पर्ने प्रवेश पत्र प्राप्त गरेको देखिन्छ । यसर्थ पुनरावेदकले माग गरे अनुसारको मिति २०७१ साल फागुन महिनामा उच्च माध्यमिक शिक्षा परिषद्बाट लिइएको Computer Science को परीक्षामा निज सामेल भएको भए र यस्तो परीक्षामा सहभागी भई निजको उत्तरपुस्तिका समेत परीक्षण भएको अवस्था रहेको भए निजले सो परीक्षाको प्राप्ताङ्क (Marksheet) नपाउने अवस्था नै रहदैन । यसर्थ निजले पुनरावेदनमा माग गरे अनुसारको प्राप्ताङ्क पत्र (Marksheet) पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरका परीक्षा नियन्त्रकको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)	(किरणकुमार पोखरेल)	(कृष्णहरि बाँस्कोटा)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल भदौ १६ गते रोज ४ शुभम् ।